





# CIM

## Facts Newsletter

Issue 26, Magh 2080

021-515712
cim.biratnagar@gmail.com
Sahid Marg, Biratnagar-02

## सीप स्तरोन्नति तालिम (Skill Upgrading Training- SUT) के हो ? र यसले उद्योगलाई पुग्ने फाइदाहरु :

नयाँ प्रविधिको विकास तथा बजारको माग बमोजिम उद्योगहरुमा कार्यरत जनशक्तिको सीप स्तरोन्नति गर्नुपर्ने अवस्था रहेको खण्डमा उद्योग संगठन मोरङले इन्स्योर परियोजनासंगको सहकार्यमा उद्योगको माग अनुरुप के कस्ता विषयमा तालिम आवश्यक छ सो बमोजिम आवश्यक पाठ्यक्रम/मोडयुल निर्माण गरी दक्ष प्रशिक्षकद्वारा उद्योगहरुको नियमित काममा बाधा नपुग्ने गरी पायक पर्ने स्थानमा तालिम सञ्चालन गरिन्छ। उद्योगहरुले यस किसिमका तालिम गर्दा आफनो उद्योगमा कार्यरत जनशक्तिहरुको सीप अभिवृद्धि भै उद्योगको उत्पादकत्व समेत वृद्धि हुनेछ जसले प्रत्यक्ष रुपमा उद्योगलाई फाइदा पुग्नेछ। उद्योग संगठन मोरङले यस वर्ष आवश्यक सीपहरुको पहिचान गरी २०० जना सहभागीहरुलाई सीप स्तरोन्नति तालिम सञ्चालन गर्ने लक्ष्य राखेको छ भने उद्योगहरुको आवश्यकताको आधारमा यो तालिम संख्या बढाउन पनि सकिनेछ।

## सीप स्तरोन्नति तालिम अन्तर्गत हालसम्म प्राप्त पाठ्यक्रम/मोडयुल :

| क्र. सं. | संगठनद्वारा तयार गरिएका विषयहरु | तलिम अवधि (घण्टा) |
|---|---|---|
| १ | Programmable Logic Controller (PLC) Training | ९६ |
| २ | Lathe Setter Operator | ९६ |
| ३ | Instrumentation | ९६ |
| ४ | Boiler Operator | ९६ |
| ५ | Energy Efficiency Training (Electrical) | ४८ |
| ६ | Energy Efficiency Training (Thermal) | ४८ |
| ७ | Variable Frequency Drive (VFD) Training | ८० |
| ८ | Industrial Electrician | ९६ |
| ९ | Three Phase wiring | ९६ |
| १० | Electronics and Instrumentation | ९६ |

## उद्योग संगठन मोरङद्वारा सञ्चालित सीप स्तरोन्नति तालिमको विवरण :

उद्योग संगठन मोरङद्वारा हालसम्म विभिन्न उद्योगमा कार्यरत जनशक्तिका लागि सञ्चालित सीप स्तरोन्नति तालिमहरु।

| क्र. सं. | सञ्चालन गरिएका विषयहरु | तलिम अवधि (घण्टा) | ह्लसम्म तालिम प्राप्त संख्या |
|---|---|---|---|
| १ | PLC Operator | ९६ | २१ |
| २ | Lathe Setter Operator | ९६ | १५ |
| ३ | Instrumentation (Revised) | ९६ | ४१ |
| ४ | Energy Efficiency Training | ४८ | २१ |
| | | जम्मा | ९८ |

## तलिममा कसरी सहभागी हुने ?

सीप स्तरोन्नति तालिममा सहभागी हुनको लागि माथि उल्लेखित तालिम मध्ये कुनै विषयमा कम्तिमा पनि २० जना सहभागी संख्या पुगेको अवस्थामा संगठनद्वारा सम्बन्धित विषयको दक्ष प्रशिक्षकद्वारा तालिम प्रदान गरिने छ। माथि उल्लेखित पाठ्यक्रम/मोडयुल भन्दा अन्य विषयमा तालिम सञ्चालन गर्नुपर्ने अवस्था भएमा संगठनद्वारा आवश्यकताको आधारमा उद्योगको माग बमोजिमको पाठ्यक्रम/मोडयुल तयार गरी तालिम सञ्चालन गर्न सकिने छ। यी दुवै प्रक्रियाका लागि संगठनको सीप विकास इकाईमा सम्पर्क गर्नु पर्नेछ। आगामी दिनमा संगठनमा रहेको सीप विकास इकाई मार्फत उद्योगहरुलाई नियमित रुपमा यस किसिमका तालिमको आवश्यकता पहिचान, तालिम प्रदान लगायतका कार्यलाई निरन्तर सहजीकरण गर्ने उद्देश्य बमोजिम तालिममा लाग्ने खर्चको अति न्यून रकम स्वरुप संगठनले प्रति सहभागी रु. २०००/- तालिम शुल्कका रुपमा लिने व्यवस्था रहेको छ।

**थप जानकारीको लागि:**

उद्योग संगठन मोरङ, सीप विकास इकाई
सम्पर्क नं: ९८२८०१५९५८
इमेल: cim.skilldevunit2023@gmail.com

# हाम्रो भनाइ

विश्वभरिकै व्यवसायिक कारोबारमा उधारो कारोबारको भूमिका महत्वपूर्ण छ। दुई वा दुईभन्दा बढी व्यवसायीका बिच आपसी विश्वासका आधारमा तय गरिने यस प्रकारको कारोबारलाई नियमन गर्न नेपालमा हालसम्म सरकारको कुनै पनि आधिकारिक निकाय छैन । तथापि लामो समयदेखि उधारो कारोबार भई व्यापारव्यवसाय सञ्चालन गरिँदै आएको छ। आपसी विश्वासका आधारमा उधारो कारोबार हुँदै आएको भए पनि विगत केही समयदेखि आर्थिक क्षेत्रमा छाएको सुस्तताले यस प्रकारको कारोबार व्यावसायिक क्षेत्रका लागि ठुलो चुनौती बनिरहेको छ । साथै उधारो कारोबार अनेकौं समस्याको कारक पनि भइरहेको छ।

व्यवसायिक सम्बन्धका आधारमा हुने उधारो कारोबारलाई नियमन गर्न हालसम्म न त कुनै स्पष्ट कानुन छ न त रकम नउठेका अवस्थामा उजुर-बाजुर गर्ने आधिकारिक निकाय छ । यस परिप्रेक्ष्यमा कैयौं व्यवसायी व्यवसायबाट नै विस्थापित हुनुपर्ने अवस्था उत्पन्न भइरहेको छ। यसरी व्यवसायीबिच यो एक साझा समस्याका रूपमा मौलाएको छ । यसको समाधान गर्न व्यावसायिक हक-हितका लागि स्थापित संस्थाले नेपाल सरकारसमक्ष स्पष्ट कानुन निर्माण गर्न सामूहिक पहल गर्नुपर्दछ।

नेपाल सरकारले राजस्वसम्बन्धी विवादको समाधानका लागि राजस्व न्यायाधिकरणको गठन गरी न्यायिक निरूपण गर्दै आएको छ । त्यस्तै बैंकहरूको ऋणअसुलीका लागि ऋणअसुली न्यायाधिकरणको पनि गठन गरिएको छ । त्यसैले यस सन्दर्भमा व्यवसायी-व्यवसायीका बिचमा गरिने उधारो कारोबारको नियमनका लागि पनि एक अधिकारसम्पन्न न्यायिक निकायको गठन गरेर त्यसलाई प्रभावकारी रूपमा सञ्चालनमा ल्याइनुपर्छ भन्ने हाम्रो धारणा छ।

व्यवसायमा उधारो कारोबारको ठुलो हिस्सा रहँदै आए पनि यसको नियमन तथा व्यवस्थापनका लागि स्पष्ट कानुन नहुँदा व्यवसायमा विकृति मौलाएको छ। अत: वर्तमान अवस्थामा फस्टाइरहेको विकृतिलाई मनन गरी राज्यले यसबाट व्यावसायिक जगत्लाई उधारो कारोबारबाट थप समस्याग्रस्त हुन नदिन यसको नियमनका लागि अविलम्ब स्पष्ट कानुनी व्यवस्था गर्नुपर्दछ।



## देशको वर्तमान आर्थिक तथा वित्तीय स्थिति

आर्थिक वर्ष २०८०-८१ को पाँच महिनाको तथ्याङ्कमा आधारित



**३.४ प्रतिशतले**
घटेको छ, (आयात)।



**६.१ प्रतिशतले**
घटेको छ, (निर्यात)।



**४.९५ प्रतिशत**
उपभोक्ता मूल्य सूचकाङ्कमा आधारित मुद्रास्फीति।



**रू. २१० अर्ब ५९ करोड**
वचत, शोधनान्तर स्थिति।



**रू. १३ अर्ब ३१ करोड**
अमेरिकी डलर सञ्चिति, कुल विदेशी विनिमय।



**४.६ प्रतिशत**
वढेको छ, वैंक तथा वित्तीय संस्थाको निक्षेप संकलन।




**२.३ प्रतिशतले**
बढेका छ, नीजि क्षेत्रमा प्रवाहित कर्जा।



**२७.६ प्रतिशतले**
विप्रेषण आप्रवाह नेपाली रुपैयाँमा बढेको छ।

श्रोत: नेपाल राष्ट्र बैंक


# यस्तो छ अर्थतन्त्रको चित्र

| २०७९ मंसिर | आर्थिक सूचक | २०८० मंसिर | |
|---|---|---|---|
| ७.३८ प्रतिशत | मुद्रास्फीति | ४.९५ प्रतिशत | ↘ |
| ४५ अर्ब ८६ करोड बचत | शोधनान्तर स्थिति | २१० अर्ब ५९ करोड बचत | ↗ |
| ४१ अर्ब २१ करोड घाटा | चालु खाता | १४० अर्ब २३ करोड बचत ठ | ↗ |
| १२९२ अर्ब | कुल विदेशी विनिमय सञ्चिति | १७६७ अर्ब ४ करोड | ↗ |
| ८.७ महिना (वस्तु तथा सेवा आयात) | सञ्चिति पर्याप्तता | ११.८ महिना (वस्तु तथा सेवा आयात) | ↗ |
| ४८० अर्ब | रेमिट्यान्स | ६१३ अर्ब २५ करोड | ↗ |
| ५९७ अर्ब | व्यापार घाटा | ५७९ अर्ब | ↘ |
| ४३५ अर्ब | सरकारी खर्च | ४५३ अर्ब | ↗ |
| ३२६ अर्ब | राजस्व परिचालन | ३६३ अर्ब | ↗ |
| ३० अर्ब ९६ करोड घाटा | सेवा खाता | २६ अर्ब ९३ करोड घाटा | ↘ |
| १२.७४ प्रतिशत | कर्जाको भारित औसत ब्याजदर | ११.८५ प्रतिशत | ↘ |
| ९.५ प्रतिशत | निक्षेपको वृद्धिदर | १५ प्रतिशत | ↗ |
| ४.१ प्रतिशत | कर्जाको वृद्धिदर | ४.५ प्रतिशत | ↗ |

स्रोत: नेपाल राष्ट्र बैंक

## Imports & Exports by Chapter :

Based on First Six(Shrawan-Push) of FY 2080/81 (Mid July 2023 to Mid January 2024)





Source : Government of Nepal, Department of Customs

## Trade Balance by Partner Countries:

Based on First Six(Shrawan-Push) of FY 2080/81 (Mid July 2023 to Mid January 2024)

*(figures are in Rs. Thousands)*





Source : Government of Nepal, Department of Customs

## Imports and Exports by Customs Offices :

Based on First Six(Shrawan-Push) of FY 2080/81 (Mid July 2023 to Mid January 2024)

*(Imports Value and Exports Value are in Rs. Thousands)*




Source : Government of Nepal, Department of Customs

# बैंकहरूको बेस रेट

| बैंकको नाम | २०८० पुस | | २०८० माघ | | फरक (%) | |
|---|---|---|---|---|---|---|
| | ब्यक्तिगत | संस्थागत | ब्यक्तिगत | संस्थागत | ब्यक्तिगत | संस्थागत |
| प्राइम बैंक | १० | ८ | ८.१० | ६.१० | -१.९० | -१.९० |
| कृषि विकास | ९.०१२ | ७.०१२ | ७.२६ | ५.२६ | -१.७५२ | -१.७५२ |
| नेपाल एसबिआई | ९.६० | ७.६० | ८.२५ | ६.२५ | -१.३५ | -१.३५ |
| कुमारी | ९.३१ | ७.३१ | ८.११ | ८.११ | -१.२ | -१.२ |
| सिद्धार्थ | ९.२५ | ७.२५ | ८.१ | ६.१ | -१.१५ | -१.१५ |
| माछापुच्छ्रे | ९ | ७ | ८ | ६ | -१ | -१ |
| लक्ष्मी सनराइज | ९ | ७.५ | ८ | ६.५० | -१ | -१ |
| प्रभु | ९ | ७ | ८.०६५ | ६.०६५ | -०.९३५ | -०.९३५ |
| एनआईएमबि | ९.५० | ७.५० | ८.६० | ६.६० | -०.९० | -०.९० |
| सानिमा | ९ | ७ | ८.१५ | ६.१५ | -०.८५ | -०.८५ |
| एनआइसी एशिया | ८.६७ | ६.६७ | ८.०६५ | ६.०६५ | -०.६०५ | -०.६०५ |
| राष्ट्रिय वाणिज्य | ८.६१ | ६.६१ | ८.०७ | ६.०७ | -०.५४ | -०.५४ |
| नेपाल बैंक | ८.५५६ | ६.५५६ | ८ | ६.५० | -०.५५६ | -०.५५६ |
| ग्लोबल आइएमई | ८.६० | ६.६० | ८.१० | ६.१० | -०.५० | -०.५० |
| नबिल | ८.६० | ८.६० | ८.१ | ६.१ | -०.५० | -०.५० |
| स्ट्याण्डर्ड चार्टर्ड | ८.५६ | ५.५२ | ८.०७ | ५.२५ | -०.४९ | ० |
| हिमालयन | ८.६०३ | ६.६०३ | ८.१५ | ६.१५ | -०.४५३ | -०.४५३ |
| सिटिजन्स | ९.३५ | ६.६० | ९.१५ | ६.६ | -०.२ | ० |
| एभरेष्ट बैंक | ८ | ६ | ८ | ६ | ०.०० | ०.०० |
| एनएमबि | ९ | ७ | ९ | ७ | ०.०० | ०.०० |
| औसत | ९ | ७ | ८.१७ | ६.२५ | -०.८३ | -०.७५ |

स्रोत: नेपाल राष्ट्र बैंक

# उद्योग संगठन मोरङ

## निर्यातमा नगद अनुदान प्रदान गर्ने कार्यविधि-२०७९ अन्तर्गतको सुविधाका विषयमा विस्तृत जानकारी विवरण

## १. निर्यातमा अनुदान भनेको के हो ?

स्वदेशी उत्पादनलाई निर्यातमुखी बनाउन तथा निर्यात प्रवर्धन गरी वैदेशिक ब्यापारमा देखिएको असन्तुलनलाई कम गर्न नेपाल सरकारले निर्यातकर्तालाई प्रोत्साहन गर्न प्रदान गरिने अनुदान रकमलाई निर्यातमा अनुदान भनिन्छ। नेपाल सरकारले विभिन्न ३६ प्रकारका उत्पादनहरूको निर्यातमा नगद अनुदान दिँदै आएको छ।

## २. निर्यातमा अनुदान कस्ता उद्योगलाई दिइन्छ ?

### अनुसूची १ : निर्यातमा अनुदान प्रदान गरिने वस्तुहरूको सूची

१. प्रशोधित चिया,
२. प्रशोधित कफी
३. हस्तकला (तामा, फलाम, ढलोट र सिसा कच्चा पदार्थका रूपमा प्रयोग हुने समेत) र काष्ठकलाका वस्तु
४. प्रशोधित छाला (क्रस्ट) र छालाजन्य उत्पादनहरू
५. हाते कागज र सोबाट उत्पादित सामान
६. प्रशोधित तथा अर्धप्रशोधित जडीबुटी (यार्सागुम्बा समेत) तथा सारयुक्त तेल
७. प्रशोधित पत्थर र पत्थरजडित गरगहना
८. अल्लोबाट उत्पादित सामानहरू
९. प्रशोधित पिउने पानी र मिनरल वाटर
१०. प्रशोधित बेसार
११. ताजा तरकारी (परिवर्त्य विदेशी मुद्रामा तेस्रो मुलुक निर्यात गरेमा)
१२. पुष्प (परिवर्त्य विदेशी मुद्रामा तेस्रो मुलुक निर्यात गरेमा)
१३. प्रशोधित मह (परिवर्त्य विदेशी मुद्रामा तेस्रो मुलुक निर्यात गरेमा)
१४. प्रशोधित तथा अर्धप्रशोधित अलैंची
१५. प्रशोधित तथा अर्धप्रशोधित अदुवा (सुठो, स्लाइडिङ, तेल र पाउडर लगायत)
१६. दुग्धजन्य पदार्थ (दुध, चिज, पनिर, छुर्पी र फ्याट) (परिवर्त्य विदेशी मुद्रामा तेस्रो मुलुक निर्यात गरेमा)
१७. फलफुल (परिवर्त्य विदेशी मुद्रामा तेस्रो मुलुक निर्यात गरेमा)
१८. अम्रिसो (परिवर्त्य विदेशी मुद्रामा तेस्रो मुलुक निर्यात गरेमा)

### अनुसूची २ : निर्यातमा अनुदान प्रदान गरिने वस्तुहरूको सूची

१. स्वदेशमा उत्पादित कपडा
२. तयारी कपडा
३. गलैंचा र ऊनीका सामान
४. पस्मिना, क्यासमेयर, च्याङ्ग्रा पस्मिना र सोबाट उत्पादित सामान
५. स्वदेशी प्रशोधित जुट र जुटका उत्पादनहरू
६. सुनचाँदीका गरगहना
७. स्वदेशी अर्धप्रशोधित छाला
८. औषधी
९. फेल्ट (ऊनीजन्य)का वस्तुहरू
१०. पोलिस्टर यार्न। फाइबर भिस्कोस यार्न। एक्रेलिक यार्न। कटन यार्न
११. तामाका सामान (हस्तकलाका सामान, पूजाआजाका सामान, सजावटका सामान तथा अन्य भाँडाकुँडाहरू)
१२. जुत्ताचप्पल (फुटवेयर)
१३.क्लिङ्कर
१४.सिमेन्ट
१५. स्टिल
१६. कत्था
१७. रोजिन तथा तार्पिन
१८. प्लाइउड

## ३. कति नगद अनुदान प्रोत्साहन पाइन्छ ?

| निर्यातजन्य उत्पादन | क) अनुसूची १ मा उल्लिखित उत्पादन | ख) अनुसूची २ मा उल्लिखित उत्पादन | कुनै उद्योगले एक आर्थिक वर्षमा ५० करोड रुपैयाँभन्दा बढीको निर्यात गरेमा |
|---|---|---|---|
| नगद अनुदान | कुल निर्यात रकमको ५ प्रतिशत | कुल निर्यात रकमको ४ प्रतिशत | कुल निर्यात रकमको ८ प्रतिशतसम्म नगद अनुदान |
| मूल्य अभिवृद्धि कायम गर्नुपर्ने प्रतिशत | ५० प्रतिशत | ३० प्रतिशत<br>एक तहको प्रशोधन गरेको हुनुपन | |
| ८० प्रतिशत मूल्य अभिवृद्धि भएमा | थप १ प्रतिशत नगद अनुदान | | |
| ७० प्रतिशत मूल्य अभिवृद्धि भएमा | | थप १ प्रतिशत नगद अनुदान | |
| राष्ट्रिय स्तरको सामूहिक ट्रेडमाक अन्तर्गत निर्यात गरेमा | थप १ प्रतिशत नगद अनुदान | थप १ प्रतिशत नगद अनुदान | |
| अघिल्लो आर्थिक वर्षको भन्दा २० प्रतिशतभन्दा बढी निर्यात गरेमा | बढी निर्यात गरेको मूल्यको थप १ प्रतिशत नगद अनुदान | बढी निर्यात गरेको मूल्यको थप १ प्रतिशत नगद अनुदान | |
| ५० प्रतिशतभन्दा कम मूल्य अभिवृद्धि भएमा | अनुसूची २ सरह नगद अनुदान | | |
| ५० प्रतिशतभन्दा बढी मूल्य अभिवृद्धि भएमा | | अनुसूची १ सरह नगद अनुदान | |

## ५. मूल्य अभिवृद्धि गणना गर्ने विधि के हो ?

$$\text{Value Addition} = \frac{(\text{Export FOB Price} - \text{Value of Foreign Originated Material}) \times 100}{\text{Export FOB Price}}$$

## ६. मूल्य अभिवृद्धि गणनाको प्रमाणीकरण गर्ने प्रकिया के हो र कुन निकायले गर्दछ ?

मूल्य अभिवृद्धि गणनाको प्रमाणीकरण उद्योग विभाग त्रिपुरेश्वर काठमाडौँले गर्दछ । मूल्य अभिवृद्धि प्रमाणीकरण गर्न चाहने निर्यातकर्ताले आर्थिक वर्ष समाप्त भएको ३ महिनाभित्र मूल्य अभिवृद्धि गणनाको स्वघोषणासहित तोकिएको ढाँचामा उद्योग विभागमा आवेदन गर्नुपर्दछ । यस्तो निवेदन विद्युतीय माध्यमबाट समेत दिन सकिने छ । निर्यातकर्ताले पेश गरेको कागजातका आधारमा उद्योग विभागले ३ दिनभित्र निकासीको प्रमाणित गरी सोको जानकारी निर्यातकर्तालाई दिनेछ । यस्तो जानकारी विद्युतीय माध्यमबाट समेत दिन सकिने छ ।

निर्यात अनुदान प्रयोजनका लागि मूल्य अभिवृद्धि प्रमाणित गर्न निम्नबमोजिमका कागजातसहित उद्योग विभागमा निवेदन दिनु पर्नेछ ।

१. कार्यविधिको अनुसूची ३ को ढाँचामा स्वघोषणाको विवरण
२. निर्यातित वस्तुको व्यापारिक बिलबीजक र भन्सार प्रज्ञापनपत्र
३. कच्चा पदार्थ पैठारी गरेको वा स्वदेशमा नै खरिद गरेको विवरण
४. EXIM Code/PAN/VAT दर्ताको प्रमाणपत्रको फोटोकपी
५. गत आर्थिक वर्षको लेखापरीक्षण प्रतिवेदन र कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि
६. वस्तु निर्यात गरेको विवरण र निर्यात भएको वस्तु उत्पादनमा प्रयोग भएको कच्चा पदार्थ खपतको विवरण

## ७. अनुदान प्राप्त गर्ने प्रक्रिया के हो ?

निर्यातमा नगद अनुदान प्राप्त गर्न निर्यातकर्ताले निर्यात प्रयोजनका लागि प्रयोग गरिएको बैंकमा आर्थिक वर्ष समाप्त भएको छ महिनाभित्र देहाय बमोजिमका कागजातसहित अनुसूचीमा दिइएको ढाँचामा आवेदन गर्नुपर्दछ :

**आवश्यक कागजात विवरणहरू :**
क) आयात-निर्यात अनुमतिपत्र, स्थायी लेखा नम्बरका प्रमाणित प्रतिलिपिहरू ।
ख) निर्यातित वस्तुको व्यापारिक बिलबीजक र भन्सार प्रज्ञापनपत्र ।
ग) वस्तु निर्यात गरेबापत निर्यातकर्ताले प्राप्त गरेको विदेशी मुद्रा बैंकमा दाखिला भएको प्रमाण वा बैंक स्टेटमेन्ट ।
घ) निर्यातकर्ताले पछिल्लो आर्थिक वर्ष कर-चुक्ता गरेको प्रमाणपत्रको प्रतिलिपि ।
ङ) उद्योग विभागबाट मूल्य अभिवृद्धि प्रमाणीकरण भएको प्रमाणित विवरण ।
च) भारत निकासी हुने वस्तुका हकमा भन्सार कार्यालयले मालवस्तु निकासी हुँदा जारी गरेको निर्यात प्रज्ञापनपत्र

## ८. अनुदान कहिले प्राप्त हुन्छ ?

निर्यातकर्ताले बैंकसमक्ष पेश गरेको विवरणका आधारमा बैंकले जाँचबुझ गर्दा व्यहोरा मनासिब देखेमा निजले पाउने अनुदान रकम निवेदन प्राप्त भएको मितिले ७ दिन भित्र निजको बैंक खातामा जम्मा गरिदिनु पर्दछ ।

## ९. महत्वपूर्ण टाइमलाइन कुन-कुन हुन् ?

१. आर्थिक वर्ष समाप्त भएका मितिले ३ महिनाभित्र मूल्य अभिवृद्धि प्रमाणीकरण र निर्यात प्रमाणीकरणका लागि उद्योग विभागसमक्ष आवेदन गर्ने ।
२. उद्योग विभागले प्राप्त निवेदनउपर ३ दिनभित्र निकासीको प्रमाणीकरण गर्ने ।
३. आर्थिक वर्ष समाप्त भएको ६ महिनाभित्र सम्बन्धित बैंकमा आवश्यक कागजातसहित अनुदान प्राप्तिका लागि आवेदन गर्ने।
४. सम्बन्धित बैंकले आवेदन प्राप्त गरेको ७ दिनभित्र सम्बन्धित निकासीकर्ताको खातामा अनुदान रकम जम्मा गर्ने ।

## १०. प्रोत्साहनस्वरूप प्राप्त नगद अनुदान केमा खर्च गर्ने ?

निर्यातकर्ताले निर्यातमा प्रोत्साहनस्वरूप प्राप्त अनुदान रकम अन्तर्राष्ट्रिय बजार प्रवर्धन, प्रविधि तथा क्षमताको विकास तथा विद्युतीय व्यापारका क्षेत्रमा खर्च गर्नु पर्नेछ ।

नेपाल सरकार उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयले नवीनतम ज्ञान, सोच, सिप र क्षमता भएका उद्यमीलाई स्टार्टअप उद्यममा संलग्न हुन अभिप्रेरित गर्दै सहुलियतपूर्ण कर्जाप्रवाह गर्नेसम्बन्धी कार्यलाई सरल, स्पष्ट, व्यवस्थित र पारदर्शी बनाउन स्टार्टअप उद्यम कर्जा सञ्चालन कार्यविधि २०८० जारी गरेको छ । आर्थिक वर्ष २०८०।८१ को बजेटमा स्टार्टअप उद्यमीहरूलाई सहुलियतपूर्ण कर्जा उपलब्ध गराउन रु. २५ करोड बिनियोजन भएको छ । तसर्थ उद्योग संगठन मोरङले सञ्चालन गरेको स्टार्टअप तथा इनोभेसन कार्यक्रमअन्तर्गत सहभागी स्टार्टअपहरू लगायत सबै सरोकारवालाहरूलाई यो कार्यविधिबारे बुझ्न र सेवा प्राप्त गर्न सहजताका लागि संगठनबाट तयार पारिएको कार्यविधिका मुख्य बुँदाहरू :

| क्र.सं. | विषय | प्रावधान |
|---|---|---|
| १. | कार्यविधि लागु हुने मिति | २०८० माघ ११ |
| २. | मन्त्रालय | उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय |
| ३. | स्टार्टअप उद्यमको परिभाषा | स्टार्टअप उद्यम भन्नाले नवीन प्रविधि एवम् सृजनशील सोचको प्रयोग गरी कुनै वस्तु वा सेवा उत्पादन वा सञ्चालन वा वितरण प्रक्रियामा स्तरोन्नतिको सम्भावना रहेको उद्यम |
| ४. | स्टार्टअप उद्यमका मापदण्ड (दफा ४ को उपदफा १) | कर्जा प्रयोजनका लागि :<br>प्रचलित कानुनबमोजिम दर्ता भई निवेदन दिने अन्तिम दिनसम्म ७ वर्ष ननाघेका देहायका मापदण्ड पूरा गरेका उद्यमी कर्जाका लागि योग्य हुने ।<br>क) कुनै वस्तु वा सेवा उत्पादन वा सञ्चालन वा वितरण प्रक्रियामा नवीन प्रविधि एव्म सृजनशील सोचको प्रयोग गरेको,<br>ख) कुल चुक्ता पुँजी दुई लाख रुपैयाँदेखि दश लाख रुपैयाँसम्म भएको,<br>ग) उद्यमको कुल कारोबार वार्षिक दुई करोडभन्दा बढी नभएको,<br>घ) स्थिर पुँजी (घर जग्गाको मूल्यबाहेक) दुई करोड रुपैयाँभन्दा बढी नभएको |
| ५. | स्टार्टअप उद्यमका १६ क्षेत्रहरू (दफा ५) | क) कृषि तथा पशुपन्छीसँग सम्बन्धित<br>ख) वनपैदावारसँग सम्बन्धित<br>ग) पर्यटन प्रवर्धनसँग सम्बन्धित<br>घ) विज्ञान, प्रविधि, सूचना तथा सञ्चारसँग सम्बन्धित<br>ङ) मानव स्वास्थ्य सेवासँग सम्बन्धित<br>च) शिक्षा तथा शिक्षण सिकाइसँग सम्बन्धित<br>छ) सहज र सुरक्षित यातायात तथा पारवहन सेवासँग सम्बन्धित<br>ज) अटोमोबाइलसँग सम्बन्धित<br>झ) परम्परागत प्रविधि, उत्पादन र सेवाप्रवाहको प्रक्रियासुधारसँग सम्बन्धित<br>ञ) खानी तथा खनिज अनुसन्धान र विकाससँग सम्बन्धित<br>ट) घरायसी तथा दैनिक जीवनयापनसँग सम्बन्धित<br>ठ) खाद्य उत्पादन तथा प्रशोधनसँग सम्बन्धित<br>ड) फोहोरमैला व्यवस्थापन तथा वातावरण संरक्षणसँग सम्बन्धित<br>ढ) विपद् व्यवस्थापनसँग सम्बन्धित<br>ण) वैकल्पिक तथा नवीकरणीय ऊर्जासँग सम्बन्धित<br>त) जलवायु परिवर्तन न्यूनीकरणसँग सम्बन्धित |

| | | |
|---|---|---|
| ६. | स्टार्टअप उद्यम कार्यान्वयन गर्ने निकाय | औद्योगिक व्यवसाय विकास प्रतिष्ठान<br>Tripureshwor, Kathmandu, Nepal<br>Tel: 977-1-5361339, 5361469, 5366162, 5366163<br>Email: iedi@mos.com.np<br>Web: www.iedi.org.np<br>Mailing Address<br>G.P.O.Box No. 3676, Kathmandu |
| ७. | प्रस्ताव आह्वान | २१ दिनको सूचना दिई औद्योगिक व्यवसाय विकास प्रतिष्ठानले राष्ट्रिय स्तरको दैनिक पत्रिका तथा विद्युतीय माध्यमबाट गर्ने छ । |
| ८. | आवेदक | एक जनाले एक प्रस्ताव मात्र पेश गर्नुपर्ने छ । एक वा एकभन्दा बढीले पनि संयुक्त रूपमा एउटा प्रस्ताव मात्र पेश गर्न सक्नेछन् । |
| ९. | कर्जाको सीमा | अधिकतम रु. २५ लाख रुपैयाँसम्म । |
| १०. | ब्याजदर | वार्षिक ३ प्रतिशत । |
| ११. | कर्जा प्रवाह गर्ने बैंक | सरकारी स्वामित्वको एक वा एकभन्दा बढी वाणिज्य बैंकलाई कर्जा प्रवाह गर्ने बैंकका रूपमा तोकिने । |
| १२. | कर्जा फिर्ता गर्ने अवधि | अधिकतम ५ वर्षमा नबढाई ढिलोमा कर्जा लिएको दोस्रो वर्षबाट साँवा र ब्याज रकम फिर्ता गर्न थाल्नुपर्ने । |
| १३. | कर्जाको धितो<br>(दफा ११ को उपदफा १) | बैंकले कर्जा प्रवाह गर्दा स्वीकृत व्यवसाय वा परियोजना नै धितो राख्नु पर्नेछ । त्यस्तो व्यवसाय वा परियोजनाको बिमा उद्यमी आफैंले गर्नुपर्ने छ । |
| १४. | बैंकले सेवाशुल्क लिनसक्ने (दफा १४) | कर्जा रकमको अधिकतम शून्य दशमलव एक प्रतिशतसम्म |
| १५. | कर्जा चुक्ता नगरेमा हुने कारबाही (दफा १३) | देहाय बमोजिमका कारबाहीहरू :<br>क) कर्जालाई प्रचलित कानुनबमोजिम खराब कर्जामा गणना गर्न,<br>ख) उद्यमीको राहदानी रोक्का राख्न,<br>ग) उद्यमीको नाममा रहेको कुनै चलअचल सम्पत्ति बिक्री गर्न बन्देज लगाउनका लागि सम्बन्धित निकायमा लेखी पठाउन,<br>घ) उद्यमीको बैंक तथा वित्तीय संस्थाहरूमा रहेको खाता रोक्का गर्न,<br>ङ) नेपाल सरकारबाट उपलब्ध गराउने सामाजिक सुरक्षा भत्तालगायतका अन्य नागरिक सुविधाबाट वञ्चित गर्न, |
| १६. | प्रस्ताव मूल्याङ्कन तथा सिफारिस (दफा ९) | आधारहरू :<br>क) स्टार्टअप उद्यमका लागि तोकिएको मापदण्ड पूरा गरेको,<br>ख) परियोजनाबाट उत्पादित वस्तु वा सेवा बिक्रीको बजारको सम्भावना रहेको,<br>ग) परियोजनामा प्रयोग हुने कच्चा पदार्थको स्रोत,<br>घ) परियोजनाका लागि आवश्यक पूर्वाधारको उपलब्धता,<br>ङ) जोखिम व्यवस्थापनका लागि अवलम्बन गरिएको उपाय,<br>च) व्यावसायिक प्रस्तावको प्रस्तुतीकरण,<br>छ) क्रेडिट अप्राइजल |
| १७. | प्रस्तावका साथमा पेश गर्नुपर्ने कागजातहरू | अनुसूची १ को ग<br>१. उद्योगको दर्ता / नवीकरण प्रमाणपत्रको प्रतिलिपि<br>२. स्थायी लेखा नम्बर प्रमाणपत्रको प्रतिलिपि<br>३. अघिल्लो आर्थिक वर्षको लेखा परीक्षण प्रतिवेदन र करचुक्ता प्रमाणपत्रको प्रतिलिपि<br>४. फर्म । कम्पनी वा उद्योगको आधिकारिक प्रतिनिधिको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि<br>५. पूर्णकालीन कामदारको विवरण<br>६. IT को उपयोग र Innovation को प्रमाण । |

## बी टु बी बैठक तथा उद्योग वाणिज्य क्षेत्रका समसामयिक बिषयमा अन्तरक्रिया



उद्योग संगठन मोरङले जिल्ला/नगर उद्योगवाणिज्य संघहरूका साथ आपसी सम्बन्धविस्तार र द्विपक्षीय व्यावसायिक विकासमा नयाँ सम्भावना पहिल्याउने उद्देश्यका साथ २०८० पुस २७ र २८ गते दुई दिने चेम्बर भ्रमण तथा बी टु बी बैठक सम्पन्न गरेको छ ।

भ्रमणमा उद्योग संगठन मोरङ कार्यकारी समितिका पदाधिकारी तथा सदस्यहरू, महिला उद्यमीहरू र नेपाल युवा उद्यमी मञ्च विराटनगर च्याप्टरका अध्यक्ष एवम् प्रतिनिधिहरूको सहभागिता थियो ।

संगठनका अध्यक्ष राकेश सुरानाले आर्थिक एवम् औद्योगिक क्रियाकलापहरू सुस्ताएको वर्तमान अवस्थामा औद्योगिक-व्यावासयिक क्षेत्रका साझा समस्याहरूको पहिचान गरेर समाधानका लागि सामूहिक पहल गर्न तथा व्यावसायिक अन्तरसम्बन्धको विकासका लागि बी टु बी बैठकको आयोजना गरिएको जानकारी दिनुभयो । अध्यक्ष सुरानाले उद्योगवाणिज्य संघहरूका साथ सम्पन्न अन्तरक्रियामा व्यावसायिक हितका लागि स्थापित संस्थाहरू बिचको सुमधुर सम्बन्धले संस्थागत सुदृढीकरण र व्यावसायिक हितका लागि महत्वपूर्ण भूमिका निर्वाह गर्ने विचार प्रकट गर्नुभयो । सुरानाले आगामी दिनमा समेत यसप्रकारको भ्रमणलाई निरन्तरता दिने उल्लेख गर्नुभयो ।

भ्रमणका क्रममा सुन्दरहरैँचा, इटहरी, धरान र संखुवासभा स्थित उद्योग/वाणिज्य संघका पदाधिकारी तथा सदस्यका साथ बेग्लाबेग्लै अन्तरक्रिया गरिएको थियो ।अन्तरक्रियामा व्यवसायीहरूले उधारो कारोबारले व्यवसायमा नकारात्मक प्रभाव पारेको भन्दै यस समस्याको समाधानका लागि सामूहिक पहल गर्नुपर्ने आग्रह गरेका थिए ।

उद्योग संगठन मोरङले आर्थिक एवम् औद्योगिक क्षेत्रको विकासका लागि निरन्तर पैरबी गरिरहेको छ । भ्रमणले द्विपक्षीय व्यावसायिक हितका विभिन्न आयाम, एक-आपसको क्षेत्रमा नयाँ सम्भावनाको खोजीका साथै आ-आफ्ना उत्पादनको बजार प्रवर्धनमा महत्वपूर्ण भूमिका निर्वाह गर्ने विश्वास संगठनले लिएकाश छ ।

भ्रमणको प्रतिनिधि-मण्डलमा संगठनका अध्यक्ष राकेश सुराना, वरिष्ठ उपाध्यक्ष नन्दकिशोर राठी, उपाध्यक्ष भोलेश्वर दुलाल, विपिन काबरा, कोषाध्यक्ष सुबोध कोइराला, कार्यसमिति सदस्य सुरेन्द्र गोल्छा, राजन खत्री, प्रतिभा रिजाल ओली, जयेन्द्र शर्मा, सन्तोष भगत, सिद्धार्थ काबरा, सृजन प्याकुरेल, दीपक अग्रवाल, वीरेन्द्र राठी, महिला उद्यमी सोमी भगत चौलागाईं, सावित्रा ढकाल, प्रतिभा पौडेल निरौला, युवा उद्यमी मञ्च विराटनगरका अध्यक्ष रञ्जित भगत र रबिन कट्टेलको सहभागिता थियो ।

## उधारो व्यवस्थापनका लागि जिल्ला/नगर उद्योग वाणिज्य संघहरूको साझा पहल



“उधारो समयमै तिरौँ, व्यापारिक सद्भाव कायम राखौँ” भन्ने मूल ध्येयका साथ उधारो कारोबारको व्यवस्थापनका लागि सहकार्य तथा समन्वय गर्न कोशी प्रदेशका दश वटा जिल्ला/नगर उद्योग वाणिज्य संघहरूले २०८० माघ ९ गते सामूहिक पहल गर्ने सहमति गरेका छन् ।

उद्योग संगठन मोरङका समन्वयमा सुन्दरहरैँचा नगरपालिकामा सम्पन्न भेलामा सहभागी संघहरूले यस्तो सहमति गरेका हुन् ।

भेलामा सहभागी संघका पदाधिकारी तथा सदस्यहरूले व्यावसायिक क्षेत्रका लागि उधारो कारोबार चुनौती बनिरहेको र विकराल समस्याका रूपमा देखिएको स्वीकार गर्दै यसको व्यवस्थापनका लागि हातेमालो गर्नुपर्ने कुरामा सहमति जनाएका थिए ।

सामूहिक भेलापश्चात् जारी गरिएको ६ बुँदे सम्झौतामा उधारो कारोबारको नियमनका लागि स्पष्ट कानुनी व्यवस्था गर्न नेपाल सरकारसमक्ष सामूहिक पहल गर्ने, जिल्ला/नगर उद्योगवाणिज्य संघले सम्बन्धित फर्म, कम्पनी वा उद्योगलाई उधारो रकम यथाशीघ्र फरफारक पार्न हरसम्भव पहल र प्रयत्न गर्ने, आफू सम्बन्धित क्षेत्रका उद्योग वा व्यापारिक पक्षलाई उधारो कारोबार व्यवस्थित गर्न पत्राचार गरी नैतिक एवम् सामाजिक दबाब सृजना गर्ने उल्लेख छ ।

सम्झौतामा आगामी दिनमा मुलुकका अन्य जिल्लानगर उद्योगवाणिज्य संघहरूलाई यस पहलमा समावेश गर्दै लैजाने, उद्योग/व्यवसाय लगायत व्यावसायिक क्षेत्रको प्रवर्धन र वृहत्तर हितका मुद्दामा साझा धारणा बनाई कार्य गर्ने र संस्थागत विकास एवम् सुदृढीकरणका लागि आपसी अन्तरसम्वादलाई थप घनीभूत बनाउँदै लैजाने विषय समेटिएका छन् ।

उद्योग संगठन मोरङका अध्यक्ष राकेश सुरानाले व्यावसायिक सम्बन्धका आधारमा हुने उधारो कारोबारलाई नियमन गर्न कुनै स्पष्ट कानुन नभएकाले व्यवसायिक हितका लागि संगठनले यो पहल प्रारम्भ गरेको जानकारी दिनुभयो । अध्यक्ष सुरानाले यस विषयमा आगामी दिनमा अन्य जिल्ला/नगर उद्योगवाणिज्य संघहरूलाई समेत समेट्ने बताउनुभयो ।

अध्यक्ष सुरानाले राजस्वसम्बन्धी विवादको समाधानका लागि राजस्व न्यायाधिकरण, बैंकहरूको ऋणअसुलीका लागि ऋणअसुली न्यायाधिकरण जस्ता निकायहरू रहे पनि उधारो उठाउने सम्बन्धमा कुनै न्यायिक निकाय नभएको उल्लेख गर्नुभयो ।सुरानाले व्यवसायीबिच विद्यमान यो साझा समस्यालाई समाधान गर्ने कानुनी व्यवस्थाका लागि नेपाल सरकारसमक्ष संगठनले पहल गर्ने प्रतिबद्धता प्रकट गर्नुभयो ।

सम्झौतामा अध्यक्ष सुराना, मोरङ व्यापार संघका अध्यक्ष नवीन रिजाल, सुनसरी उद्योगवाणिज्य संघका अध्यक्ष विजय श्रेष्ठ, विराट व्यापार संघका अध्यक्ष नरेश खत्री र इटहरी उद्योगवाणिज्य संघका अध्यक्ष जीवन पराजुलीले हस्ताक्षर गर्नुभएको छ ।

त्यस्तै दमक उद्योगवाणिज्य संघका अध्यक्ष देवीप्रसाद गुरागाईं, बिर्तामोड उद्योगवाणिज्य संघका अध्यक्ष प्रकाश शिवाकोटी, इनरुवा उद्योगवाणिज्य संघका अध्यक्ष वीरेन्द्रकुमार साह, उर्लाबारी उद्योगवाणिज्य संघका अध्यक्ष शेरबहादुर भण्डारी र सुन्दरहरैंचा उद्योग वाणिज्य संघका अध्यक्ष कृष्ण रिजालले पनि सम्झौतामा हस्ताक्षर गर्नुभएको छ ।

## दिगो र आत्मनिर्भर आर्थिक विकासको सम्भावना विषयमा व्याख्यात्मक कार्यक्रम

उद्योग र शैक्षिक क्षेत्रका बिचको अन्तरसम्वादका माध्यमबाट सम्बन्ध अभिवृद्धि गर्ने उद्देश्यले 'नेपालको दिगो एवम् आत्मनिर्भर आर्थिक विकास' विषयमा २०८० माघ १३ गते प्रतियोगितामूलक व्याख्यात्मक कार्यक्रम सम्पन्न भएको छ ।



उद्योग संगठन मोरङ र अमेरिकन कर्नर विराटनगरले संयुक्त रूपमा आयोजना गरेको प्रतियोगितामा विराटनगरका विभिन्न उच्च माध्यमिक विद्यालयको सहभागिता थियो ।

कार्यक्रममा सहभागी विद्यार्थीले दिगो र आत्मनिर्भर आर्थिक विकासका लागि सरकार, निजी क्षेत्र र आम नागरिकको एकीकृत दृष्टिकोणको आवश्यकता रहेको औँल्याएका थिए ।

उनीहरूले मुलुकको आर्थिक एवम् औद्योगिक समृद्धिका लागि सबै पक्षबिच सहकार्यको आवश्यकता हुने बताए । सहभागी विद्यार्थीले आर्थिक विकास र नयाँ रोजगारी सिर्जनामा उद्योग-व्यवसायको महत्वपूर्ण भूमिका हुने चर्चा गर्दै सरकारले लगानीमैत्री नीतिनिर्माण गरी कार्यान्वयन पक्षलाई सबल बनाउनुपर्ने कुरामा जोड दिए ।

उनीहरूले नेपालको दिगो आर्थिक विकासमा महत्वपूर्ण योगदान गर्न जलस्रोत, पर्यटन, कृषि, सूचनाप्रविधि, उत्पादनमूलक तथा खानीजन्य उद्योगको अहम् भूमिका हुने धारणा व्यक्त गरे। प्रतियोगीहरूले उल्लिखित उद्योगको विकासका लागि सरकारले नीतिगत सुधार गरेर लगानीका लागि अनुकूल वातावरणको निर्माण गरे छिट्टै आर्थिक समृद्धि प्राप्त हुने विचार प्रकट गरे।

कार्यक्रममा संगठनका अध्यक्ष राकेश सुरानाले औद्योगिक र शैक्षिक क्षेत्र बिचको निरन्तर सम्वादले आर्थिक विकासको नयाँ क्षेत्र र सम्भावना पहिल्याउन सहज हुने विश्वास व्यक्त गर्नुभयो। अध्यक्ष सुरानाले सहभागी विद्यार्थीलाई देशमै स्वरोजगार भई रोजगारीका नयाँ अवसरहरू सृजना गर्ने क्षमताको विकास गर्न आग्रह गर्नुभयो।

सुरानाले युवा पुस्ताले नयाँ सोच र अवधारणाका साथ प्रारम्भ गरेको स्टार्टअपहरूले विश्व आर्थिक मञ्चमा महत्वपूर्ण भूमिका निर्वाह गरिरहेको उल्लेख गर्दै सोहीअनुरूप नयाँ सोचका साथ स्वदेशमै उद्योग व्यवसायका क्षेत्रमा युवाहरू आउनुपर्ने आग्रह गर्नुभयो।

प्रत्येक सहभागीलाई 'दिगो र आत्मनिर्भर आर्थिक विकासको सम्भावना' विषयमा व्याख्या गर्न ८ मिनेटको समय दिइएको थियो। कार्यक्रममा बालकल्याण विद्या मन्दिरकी स्वीकृति अधिकारी प्रथम, आदर्श उच्च मा.वि.का सुजन खत्री दोस्रो र सत्यनारायण उच्च मा.वि की शिवानी राउत तेस्रो हुनुभयो।

प्रतियोगिताको निर्णायक-मण्डलमा उप प्राध्यापक डा. चन्द्र तिम्सिना, युवा व्यवसायी अभिनायक मल्ल र सञ्चारकर्मी अनन्तराज न्यौपाने हुनुहुन्थ्यो। कार्यक्रममा प्रथम, दोस्रो र तेस्रो हुन सफल विद्यार्थीलाई नगद रकमसहित मेडल र प्रमाणपत्र प्रदान गरिएको थियो।

## सौर्य ऊर्जा जडानका विविध पक्षमा उद्योगीहरूका साथ अन्तरक्रिया

डिजल खपत गरिरहेका उद्योगहरूमा सोलार रूफटप प्रविधि जडान गरी कार्बन उत्सर्जनमा कमी ल्याउने उद्देश्यले उद्योगी/व्यवसायीहरूका साथ सोलार रूफटपसम्बन्धी अन्तरक्रिया २०८० माघ १४ गते सम्पन्न भएको छ।



नेपाल सरकारको ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालयअन्तर्गतको वैकल्पिक ऊर्जा प्रवर्धन केन्द्र आयोजना, उद्योग संगठन मोरङ र जर्मन सहयोग नियोगको समन्वयमा कार्यक्रम भएको हो। कार्यक्रममा संगठनका अध्यक्ष राकेश सुरानाले सौर्य ऊर्जा उद्योगहरूका लागि सस्तो वैकल्पिक ऊर्जा भएको बताउनुभयो।

अध्यक्ष सुरानाले पर्याप्त विद्युत् उपलब्ध नभइरहेका अवस्थामा सौर्य ऊर्जाको उपलब्धता उद्योगको सञ्चालनका लागि उत्तम विकल्प हुने धारणा व्यक्त गनुभयो। सुरानाले सौर्य ऊर्जाको प्राविधिक पक्षलाई विश्लेषण गरेर जडान गर्नुपर्ने विचार राख्नुभयो।

उहाँले विश्वव्यापी रूपमा भइरहेको वातावरणीय प्रदूषण र त्यसबाट मानव स्वास्थ्यमा परेको नकारात्मक प्रभावको न्यूनीकरणमा समेत सौर्या ऊर्जा उपयोगी भएकाले यसको प्रयोगलाई सरकारले समेत प्रवर्धन गर्नुपर्नेमा जोड दिनुभयो।

वैकल्पिक ऊर्जा प्रवर्धन केन्द्रका सौर्य ऊर्जा संयोजक नीरज सापकोटाले नेपाल र जर्मन सरकारको सहयोगमा सञ्चालित परियोजनाको प्रमुख उद्देश्य सौर्य ऊर्जाको प्रवर्धनका माध्यमबाट कार्बन उत्सर्जनमा कमी ल्याउनु हो भन्ने अवगत गराउनुभयो।

संयोजक सापकोटाले यसको कार्यान्वयन पक्षमाथि प्रकाश पार्दै यो प्रविधि उद्योग स्वयम्ले आफ्नै खर्चमा जडान गर्नसक्ने वा अन्य पक्षमार्फत् जडान गराई आफूलाई आवश्यक ऊर्जा किनेर उपयोग गर्नसक्ने स्पष्ट पार्नुभयो।

परियोजनाका डेपुटी टिम लिडर खेमराज भण्डारीले यसको प्राविधिक र आर्थिक पक्षका विषयमा जानकारी दिँदै सौर्य ऊर्जाको प्रयोगबाट उद्योगहरूले डिजलको खपत घटाउन सक्ने तथ्य औँल्याउनुभयो।

भण्डारीले यस प्रविधिबाट गुणस्तरीय विद्युत् उपलब्ध हुनुका साथै प्रति युनिट दर सस्तो पर्ने भएकाले औद्योगिक खर्चको न्यूनीकरणमा समेत सहयोगी हुने दाबी गर्नुभयो ।

परियोजनाका वातावरणीय र सामाजिक विज्ञ अनुसूया जोशीले सौर्य ऊर्जा वातावरणीय दृष्टिकोणले उपयुक्त हुने धारणा राख्नुभयो । जोशीले एक मेगावाटभन्दा माथिको सौर्य ऊर्जा जडान गर्दा वातावरणीय प्रभाव मूल्याङ्कन गर्नुपर्ने आवश्यकता औंल्याउदै आर्थिक पक्षबाट पनि यो प्रविधि उपयुक्त भएको दाबी गर्नुभयो ।

कार्यक्रममा मोरङ व्यापार संघ, घरेलु तथा साना उद्योग महासंघ मोरङका प्रतिनिधिहरू र विभिन्न उद्योग प्रतिष्ठानका सञ्चालक  तथा व्यवस्थापकहरूको सहभागिता थियो ।

## स्टार्टअप एन्ड इनोभेसन कार्यक्रम अन्तर्गत तेस्रो चरणको आइडिया प्रस्तुति

युवा उद्यमशीलता प्रवर्धनका माध्यमबाट आर्थिक एवम् औद्योगिक विकासमा योगदान पुऱ्याउने उद्देश्यले उद्योग संगठन मोरङले सञ्चालनमा ल्याएको स्टार्टअप एन्ड इनोभेसन कार्यक्रम अन्तर्गत तेस्रो चरणमा सहभागी १८ स्टार्टअपहरूले आ-आफ्ना आइडियाको प्रस्तुति गरेका छन् ।



उद्योग संगठन मोरङको कार्यालयमा प्रस्तुतिको कार्यक्रम २०८० माघ १६ गते सम्पन्न भएको थियो ।

कार्यक्रममा संगठनका अध्यक्ष राकेश सुरानाले संगठनले सामाजिक उत्तरदायित्वअन्तर्गत स्टार्टअप एन्ड इनोभेसन कार्यक्रम सञ्चालनमा ल्याएको अवगत गराउनुभयो । अध्यक्ष सुरानाले यस कार्यक्रमका माध्यमबाट युवालाई स्वदेशमै उद्यमशीलताको विकासतर्फ अभिप्रेरित गर्ने लक्ष्य राखिएको स्पष्ट पार्नुभयो ।

सुरानाका अनुसार नवीन व्यावसायिक अवधारणा भएका युवाहरूलाई लक्षित गरी यो कार्यक्रम सञ्चालनमा ल्याइएको हो । कार्यक्रमले मेन्टरहरूका माध्यमबाट उद्यमशीलता रूपान्तरणका लागि आवश्यक प्राविधिक एवम् व्यावसायिक विकासका सेवाहरू उपलब्ध हुनेछन् । साथै संगठनले वित्तीय व्यवस्थापनका लागि पनि सहजीकरण गर्नेछ । उहाँले वर्तमान समयमा युवाशक्तिको पलायन सबै क्षेत्रका लागि चिन्ताको विषय भएको बताउनुभयो । आर्थिक विकासका सम्वाहकका रूपमा रहेको युवा वर्गलाई स्वदेशमै व्यावसायिक विकासको अवसर प्रदान गर्नु सबैको दायित्व भएको अध्यक्ष सुरानाको धारणा थियो ।

कार्यक्रममा विराटनगर महानगरपालिकाका प्रमुख नागेश कोइरालाले युवा उद्यमशीलताको विकासका सन्दर्भमा महानगरपालिका सदैव हातेमालो गर्न तत्पर रहेको प्रतिबद्धता जनाउनुभयो । प्रमुख कोइरालाले स्टार्टअप कार्यक्रमअन्तर्गत तेस्रो चरणमा सहभागी भएका १८ मध्ये उत्कृष्ट ३ लाई महानगरपालिकाको तर्फबाट सहयोग गर्ने आश्वासन दिनुभयो । कोइरालाले शून्यबाट सुरु गरेर शिखरसम्म पुग्न सफल विश्वका स्टार्टअपहरूको उदाहरण दिँदै व्यावसायिक विकासका लागि युवाले आफूमा निहित सिपको व्यावसायिक विकास गर्न सदैव दत्तचित हुनुपर्ने सुझाव दिनुभयो ।

संगठनको स्टार्टअप एन्ड इनोभेसन कार्यक्रमका संयोजक सुरेन्द्र गोल्छाले विश्वका उदीयमान स्टार्टअपहरूमा युवा वर्गको वर्चस्व रहेको बताउनुभयो । संयोजक गोल्छाले देशको आर्थिक समृद्धिमा यस वर्गले अग्रसरता लिनुपर्ने धारणा राख्नुभयो । गोल्छाले संगठनले युवा उद्यमशीलताको विकासका लागि गरेको यस पहललाई सफल बनाउन सबैलाई आग्रह गर्नुभयो ।

उहाँले तेस्रो चरणमा सहभागी स्टार्टअपहरूलाई व्यावसायिक मोडलका रूपमा विकास गर्न बजार-व्यवस्थापन, कर-प्रशासन, मानव-संसाधनको व्यवस्थापन लगायतका विषयमा परामर्श प्रदान गरी वित्तीय स्रोत व्यवस्थापनका लागि एन्जल इन्भेस्टरमार्फत् लगानी व्यवस्थापनमा सहयोग गरिने जानकारी दिनुभयो ।

कार्यक्रममा सहभागी स्टार्टअप उद्यमीहरूले आफनो अवधारणा तथा व्यवसायका बारेमा लगानीकर्ता एन्जल इन्भेस्टर, व्यावसायिक सेवा प्रदायक, मेन्टर तथा समितिका सदस्यहरू समक्ष प्रस्तुति गरेका थिए ।

संगठनले विगत तीन वर्षदेखि सञ्चालन गर्दै आएको यस कार्यक्रमको पहिलो चरणमा १७ र दोस्रो चरणमा १३ जना स्टार्टअपहरू ग्राजुएट भइसकेका छन् ।

# उधारो कारोवार व्यवस्थापनका लागि जिल्ला / नगर उद्योग वाणिज्य संघहरूका साथ भएको साझा सहमती

